# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुल्लू दैलेख
## कर्णाली प्रदेश, नेपाल

फोन : ०८९-४११०६५
फ्याक्स नं. : ०८९-४११०४१


प.सं. ०७९/०८०
च.नं. २०२१

मितिः २०७९/१२/२९

विषय :- शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन सम्बन्धमा ।

श्री विद्यालयहरू सबै

प्रस्तुत विषयमा "समयमै भर्ना, समयमै ज्ञान; गुणस्तरीय शिक्षा, सबैको अभियान" भन्ने आदर्श वाक्यका साथ यस कार्यालयको मिति २०७९/१२/२९ गतेको निर्णयानुसार यस दुल्लू नगरपालिकामा शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्बन्धी मौलिक अधिकार सारभूत रूपमा कार्यान्वयन गर्नका लागि विद्यालयहरूले तपसिल बमोजिम गरी विद्यार्थी भर्ना तथा विद्यालय स्वागत कार्यक्रम सञ्चालन गर्न हुन निर्णयानुसार अनुरोध छ ।

तपसिलः

विद्यालय

- विद्यालय व्यवस्थापन समितिको बैठकबाट नै निर्णय गराई कार्यतालिका सहित विद्यार्थी भर्ना कार्यक्रम २०८० बैशाख ३ गतेदेखि १५ गतेसम्म सञ्चालन गर्ने,
- भर्ना हुन आउने बालबालिका लाई तत्काल भर्ना गरी स्वागत गर्ने र निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने,
- विद्यार्थी भर्नाका लागि आफ्नो सेवाक्षेत्रभित्र व्यापक रूपमा प्रचार प्रसार र सूचना गर्ने । यसका लागि सामाजिक सञ्जाल, स्थानीय मेला पर्व, सामाजिक साँस्कृतिक रितिरिवाज अनुसार गरिने सँस्कार आदिलाई माध्यमको रूपमा प्रयोग गर्ने,
- कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरूले सो तहमा अध्ययनरत विद्यार्थीहरूलाई प्रयोगात्मक कार्यको रूपमा सेवा क्षेत्र भित्र विद्यालय रहेका बालबालिकाको लगत संकलन, तिनीहरू विद्यालय बाहिर रहनुको कारण एवं समस्या पहिचान, विद्यालय भर्नाका लागि घरदैलो, सडक नाटक प्रदर्शन जस्ता क्रियाकलापमा परिचालन गर्ने,
- विद्यार्थी भर्ना एवं अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेहरूको हकमा सो को समेत अभिलेख व्यवस्थित रूपमा राख्ने र शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने,

२०७९।१२।२९
विकाशजंग शाही
शिक्षा अधिकृत, छैठौं

# दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## दुल्लू दैलेख

कर्णाली प्रदेश, नेपाल

फोन : ०८९-४११०६५
फ्याक्स नं. : ०८९-४११०४१


प.सं. ०७९/०८० मितिः २०७९/१२/२९

च.नं. २०२१

- विद्यालयमा भर्ना हुन आउने बालबालिकाको जन्मदर्ताको प्रमाण पत्र अनिवार्य रूपमा अभिलेख राख्ने, साथै अन्य विद्यालयबाट आएका विद्यार्थीहरूको भर्ना गर्दा लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्रलाई समेत अनिवर्य गर्ने,
- लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र लिइ अन्य विद्यालयमा स्थानान्तरण भईसकेका विद्यार्थीहरूको विवरण iemis बाट हटाउनु पर्ने ।

**अभिभावक**

- आफ्ना बालबालिकालाई पायक पर्ने विद्यालयमा जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपि समेत लिएर विद्यार्थी भर्ना गराउनु पर्ने,
- बालबालिका भर्ना गरेपश्चात विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक सेटमा प्रासिका लागि विद्यालयलाई सहयोग गर्ने,
- आफ्ना बालबालिकालाई एकभन्दा बढी विद्यालयमा भर्ना नगर्ने,
- आफ्ना टोल, छरछिमेकमा रहेका विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना गराउनका लागि सुसूचित, जानकारि एवं अभिप्रेरित गर्ने ।

विकाशजंग शाही
शिक्षा अधिकृत, छैठौं

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**(अनुसन्धान तथा गुणस्तर सुधार शाखा)**
**सानोठिमी,भक्तपुर**

प.स. २०७९/०८०

मिति :- २०७९।१२।२६

च.नं.: ४९

विषय : शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई (सबै)
श्री स्थानीय तह (सबै)
श्री विद्यालय (सबै)

प्रस्तुत विषयमा **"समयमै भर्ना, समयमै ज्ञान ; गुणस्तरीय शिक्षा, सबैको अभियान"** भन्ने आदर्श वाक्यका साथ शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको हुँदा विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्बन्धी मौलिक अधिकार सारभूत रुपमा कार्यान्वयन गर्न सबै स्थानीय तह र विद्यालयहरुले तपशिल बमोजिम गरी विद्यार्थी भर्ना तथा विद्यालय स्वागत कार्यक्रम सञ्चालन गर्न हुन तथा शिक्षा विकास तथा समन्वय इकाईहरुले पनि यसै अनुसार समन्वय र सहजीकरण गरिदिनुहुन निर्णयांनुसार अनुरोध छ ।

तपसिल

**शिक्षा विकास तथा समन्वय इकाई**

- विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन सम्बन्धमा जिल्ला भित्रका विद्यालय तथा स्थानीय तहलाई आवश्यक सहयोग र सहजीकरण गर्ने ।

**स्थानीय तह**

- शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना २०८० बैशाख महिनामा नै सञ्चालन गर्ने व्यवस्था मिलाउने,
- स्थानीय तहको शिक्षा शाखाको एकजना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी सूचना, समन्वय र सहजीकरण गर्न लगाउने,
- स्थानीय एफ.एम. रेडियो लगायत स्थानीय स्तरका सञ्चार माध्यमहरुबाट सकेसम्म स्थानीय भाषामा विद्यार्थी भर्ना सम्बन्धी सचेतनामूलक सूचना, विज्ञापन प्रसारणको व्यवस्था मिलाउने,
- स्थानीय स्तरमा क्रियाशील र शिक्षा क्षेत्रमा कार्यक्रम सञ्चालन गरिरहेका गैरसरकारी संस्थाहरुलाई विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका पहिचान तथा भर्ना गर्न प्रोत्साहित गर्ने कार्यमा परिचालन गर्ने,

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**(अनुसन्धान तथा गुणस्तर सुधार शाखा)**
**सानोठिमी,भक्तपुर**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर

प.स. मिति :-

च.नं.:

- अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाहरुको पढाइमा निरन्तर सहयोग गर्न चाहनेहरुको उचित पहिचान र सम्मान गर्ने तथा अभिलेख राख्ने व्यवस्था गर्ने,
- आफ्नो क्षेत्रभित्र सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुलाई विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत संकलन, भर्नाको समय, स्थान र प्रक्रिया बारे प्रचार प्रसार, सञ्चार र समन्वय आदिमा परिचालन गर्ने,
- भर्ना अभियानबाट विद्यालयमा भर्ना भएका बालबालिकाको उमेरगत विवरणसहितको प्रतिवेदन सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने,
- आफ्नो क्षेत्र भित्र विद्यालय उमेरका शतप्रतिशत बालबालिका समयमै विद्यालय भर्ना गराई भर्ना सकिए लगत्तै विद्यालयबाहिर बालबालिका नभएको स्वघोषणा गर्ने ।

**विद्यालय**

- व्यवस्थापन समितिको बैठकबाट नै निर्णय गराई कार्यतालिकासहित विद्यार्थी भर्ना कार्यक्रम २०८० बैशाख महिनामा नै सञ्चालन गर्ने,
- भर्ना हुन आउने बालबालिकालाई तत्काल भर्ना गरी स्वागत गर्ने र निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने,
- विद्यार्थी भर्नाका लागि आफ्नो सेवाक्षेत्रभित्र व्यापक रुपमा प्रचार प्रसार र सूचना गर्ने । यसका लागि नजिकको एफ.एम.रेडियो, सामाजिक सञ्जाल, स्थानीय मेला पर्व आदिलाई माध्यमको रुपमा प्रयोग गर्ने,
- कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुले सो तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यको रुपमा आफ्नो सेवा क्षेत्र भित्र विद्यालय रहेका बालबालिकाको लगत संकलन, तिनीहरु विद्यालय बाहिर रहनुको कारण एवं समस्या पहिचान, विद्यालय भर्नाका लागि घरदैलो, सडक नाटक प्रदर्शन जस्ता क्रियाकलापमा परिचालन गर्ने,
- विद्यार्थी भर्ना एवं अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेहरुको हकमा सो को समेत अभिलेख व्यवस्थित रुपमा राख्ने र स्थानीय तहलाई संप्रेषण गर्ने,
- एक जना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारी दिने ।

(धनसूदन चौलागाई)